# Strong Families Vermont होम भिजिटिङ कार्यक्रम

**के तपाईंको बच्चा जन्मिन लागेको छ ? के तपाईंको सानो बच्चा छन् ?**

Strong Families Vermont होम भिजिटिङ कार्यक्रमले निम्न कुराहरू प्रदान गर्छ:

- तपाईंको घर वा तपाईंले सहज अनुभव गर्ने ठाउँमा तपाईंको नर्स वा पारिवारिक सहायताकर्मीबाट निःशुल्क होम भिजिटहरू ।
- गर्भावस्थाको अवधिमा जुनसुकै समयमा सुरु भएर तपाईंको बच्चा 5 वर्षको हुँदासम्म मद्दत गर्ने ।
- तपाईं आफू बन्न चाहेको अभिभावक बन्नमा सहायता गर्ने ।

**हामी कस्तो प्रकारको सहायता प्रदान गर्छौं ?**

नर्स वा प्रशिक्षित पारिवारिक सहायताकर्मीले तपाईंलाई यी प्रश्नहरूको जवाफ दिन र अरू धेरै कुराहरूमा मद्दत गर्नुहुनेछ:

- के मैले मेरो बच्चालाई पर्याप्त खुवाइरहेकी छु ?
- मेरो बच्चाले दुःख दिएको/बच्चा रोएको बेला म के गर्न सक्छु ?
- के धेरै चिन्ता लिनु र आफैं नभए जस्तो सोच्नु सामान्य हो ?
- म मेरो बच्चालाई हुर्कन र स्वस्थ रहनमा मद्दत गर्न आफ्नो बच्चासँग कसरी खेल्न सक्छु ?
- म मेरो बच्चालाई नियमित तालिकाले कसरी सुताउन सक्छु ?
- मेरा होम भिजिटरले मलाई एक्लो महसुस हुन नदिन अन्य कुन-कुन तरिकाहरूले मद्दत गर्न सक्नुहुन्छ ?

यो कार्यक्रमका बारेमा थप जान्नका लागि 2-1-1 एक्स्टेन्सन 6 मा फोन गर्नुहोस् वा HMGVT टाइप गरेर 898211 मा म्यासेज पठाउनुहोस् ।

healthvermont.gov/strongfamilies